# प्रथम गुथी अष्ट्रेलिया २००९ चित्रकला प्रतियोगिताको नियम

१) विषय: मेरो संस्कृति, मेरा परिचय, मेरो गर्व

२) यो प्रतियोगितामा निम्न तीनवटा समूह हुनेछन्

क) कक्षा ६ सम्म

ख) कक्षा ६ देखि १२ सम्म

ग) कक्षा १२ भन्दा माथि र अरु

३)अभिभावकले आफ्नो बच्चाको चित्र पठांउदां नियमको पालना भएको पक्का गर्नुपर्नेछ। नियम पालना नभएको चित्र मान्य हुने छैन।

४) सहभागिहरु सबैले सहभागिताको प्रमाण पत्र पाउनेछन्।

५)प्रत्येक समुहबाट एउटा बिजेता हुनेछ। जीत्नेले राम्रो पुरस्कार पाउनेछ।

६)यो प्रतियोगिताको सहभागि शुल्क दश डलर हुनेछ। यो शुल्क विशेष अवस्थामा छुट गर्न सकिनेछ। यस्को लागि उचित कारण देखाएर admin@guthiaustralia.org मा ईमेल गर्नु भएमा गुथि अष्ट्रेलिया समुहले तपाईलाई सर्म्पक गर्नेछ।

७)ईच्छुक सहभागिले अनलाईन आवेदन भर्नु पर्नेछ। सहभागी शुल्क तल उल्लेखीत गुठी अस्ट्रेलियाको खातामा जम्मा गर्नु पर्नेछ।

Guthi Australia

Westpac Bank

BSB: ०३२०६३

Acc No: ३६२६०३

८)प्रतियोगिहरु अष्ट्रेलिया देशभरबाट सहभागिता हुन सक्ने छन् । अष्ट्रेलिया भन्दा बाहिरका सहभागीलाई योग्य मानीने छैन ।

९)यो प्रतियोगिता १ डिसेम्बर २००९ देखि ३१ डिसेम्बर २००९ सम्म संचालन गरीनेछ । प्रतियोगीहरुले ३१ डिसेम्बर २००९ सम्ममा आ-आफ्नो चित्रकला 3/27 Palace Street, Ashfield, NSW 2131 मा पठाई सक्नु पर्नेछ । तोकेको मिति भन्दा पछि पठाएको चित्रकलालाई प्रतियोगीतामा सामेल गराईने छैन ।

१०) प्रतियोगीहरुले चित्रकला भरीएको आवेदन फारम संग पठाउनु पर्ने हुन्छ । आवेदन फारम अनलाईन डाउनलोड गरेर प्रिन्ट गर्न सकिनेछ ।

११) प्रतियोगिताका विजेताहरु १५ जनवरी २०१० मा घोषणा गरिनेछ । बिजेताहरुलाई ईमेल वा फोनबाट जानकारि गराईनेछ ।

१२) विजयी चित्रकला गुथी अष्ट्रेलियाको वेब साइतमा १५ फेब्रुवरि २०१० सम्म प्रर्दशन गरिनेछ ।

१३) निर्णायक मण्डलमा तीनजना निर्नायक हुनेछन् । विजेताको छनौट यीनै निर्णायक मण्डलले गर्नेछ । चित्र सम्बन्धी निर्णयको बिषयमा निर्णायक मण्डलको निर्णयनै अन्तिम हुनेछ ।

१४) अन्य थप जानकारि चाहिएमा कृपया admin@guthiaustralia.org मा सम्पर्क गर्नुहोला ।
धन्यवाद ।

## प्रथम गुथी अष्ट्रलिया २००९ चित्रकला प्रतियोगिताको निर्देशन

१) चित्रकलालाई रोल नगर्नुहोला ।

२) चित्रकला portrait वा landscape जसरी बनाएपनि हुन्छ ।

३) निम्न आधारमा विजेताको छनौट गरीनेछ ।

क) विचार, कल्पना, भावना, सीप, खुवी, अर्थ, सौन्दर्य,

ख) रंग

ग) रचना

४) चित्रकला अरु चित्रकला वा तस्विरबाट प्रेरित हुन सकिन्छ तर हुबहु नक्कल गर्नु हुन्न र प्रेरणा श्रोतलाई श्रेय दिनु पर्छ ।

५) एक ब्यक्तिले एक भन्दा बढि चित्रकला पठाउन मिल्दैन । पठाएमा मान्य हुने छैन।

६) सहभागीहरुले आफ्नो इच्छा अनुसार जुनसुकै रंग (पानी रंग, रंगिन पेन्सील, मैन रंग आदि ) वा कलमको प्रयोग गर्न सकिन्छ ।

७) कोलाज गरेको काम मान्य हुने छैन ।

# प्रथम गुथी अष्ट्रलिया २००९ चित्र कला प्रतियोगिताको चेकलिस्ट

१. www.guthiaustralia.org मार्फत आफ्नो आवेदन भरी पठाउनुहोला ।

२. गुथी अष्ट्रेलियाको खातामा सहभागी रकम (१० डलर) जम्मा गर्दा ट्रान्सफर विवरणमा 'art comp' जनाउनुहोला ।

३. सबै नियम र निर्देशन राम्ररी पद्नु होला ।

४. अब तपाईं आफ्नो चित्रकला बनाउन शुरुगर्न सक्नुहुन्छ ।

५. आवेदन फारम भरेर सहि गर्नुहोला ।

६. फारम र चित्रकला संगै ३१ डिसेम्बर २००९ भित्र पुग्नेगरि पोष्ट गर्नुहोला ।

७. शुभ कामना ।